आज मिति २०८३/०१/०९ गते दिनको ३:०० बजे यस बैजनाथ गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश बहादुर शाही** ज्यूको अध्यक्षतामा अध्यक्ष ज्यूको कार्यकक्षमा कार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितिमा देहायका निर्णय गरियो ।

तपसिल

| क्र. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर शाही | अध्यक्ष | |
| २ | निर्मला रोकाया | उपाध्यक्ष | |
| ३ | रुप बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | राजु रुचाल ठकुरी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | निखिल बैगार | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | प्रेम बहादुर शाही | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | देव बहादुर रावत | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | भूपाल पुन मगर | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | दिनेश कुमार थारु | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | भगन थारु | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | रुपा थापा | कार्यपालिका सदस्य | |
| १२ | भुमिसरा राना | कायपालिका सदस्य | |
| १३ | मन्जु ओली | कार्यपालिका सदस्य | |
| १४ | कृष्णा कुमारी सुनार | कार्यपालिका सदस्य | |
| १५ | फरीदुद्दीन हलवाई | कार्यपालिका सदस्य | |
| १६ | कमान सिंह सुनार | कार्यपालिका सदस्य | |
| अन्य उपस्थिति | | | |
| १ | कमल राज उपाध्याय | प्र.प्र.अ. | |
| २ | पूर्ण प्रसाद जैसी | ब ले अ | |
| ३ | तमराज आचार्य | प्रशासकीय अधिकृत | |
| | | | |

प्रस्तावहरु

१. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा।

२. ठेक्का तोड्ने सम्वन्धमा।

३. सार्वजनिक सम्पत्तीको मर्मत सम्भार सम्वन्धमा।

४. ल्याव दर्ता सम्वन्धमा।

५. रकमान्तर सम्वन्धमा।

६. सार्वजनिक सुनुवाई सम्वन्धमा।

७. लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण प्रतिवेदन-२०८२ सम्वन्धमा।

८. अतिरिक्त समय भुक्तानी सम्वन्धमा।

९. किसानसँग पालिका प्रमुख कार्यक्रम सम्वन्धमा।

१०. विविध

निर्णयहरू

१. मिति २०८३।०१।०९ गते १२ बजे गाउँ शिक्षा समितीका अध्यक्ष श्री प्रकाश बहादुर शाहीको अध्यक्षतामा बसेको शिक्षा समितिको बैठकले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने।

२. यस कार्यालयबाट ठेक्का व्यवस्थापन भई निर्माण कार्य अघि बढाइएकोमा तपशिलमा उल्लेखित सडक निर्माण कार्यमा पटक पटक लिखित एवम मौखिक रुपमा ताकेता गर्दा समेत सम्वन्धित निर्माण व्यवसायीले सम्झौता वमोजिम समय मै सम्पन्न नगरेको तथा समापन गर्न अग्रसर समेत भएको नदेखिएकाले ठेक्का तोड्ने प्रकृया अघि बढाउने।

| सि.नं. | ठेक्का नं | योजनाको नाम | सम्झौता मिति |
|---|---|---|---|
| १ | BRM/NCB/WORKS/19-077/78 | Construction of Blacktopped Road on Pedarigau, | २०७८/०३/१७ |

३. गाउँपालिका अन्तर्गतका क्यान्टिन,शौचालय, खानेपानीका धारा तथा झ्याल ढोका मर्मत निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार खर्च शिर्षकबाट भुक्तानी गर्ने गरि मर्मत गर्ने।

४. बैजनाथ गाउँपालिका, वडा नं. ८ निवासी सागर सिंह ठकुरीले बैजनाथ गाउँपालिका वडा नं.६ सम्झना चोकमा प्रनेस डायग्नोष्टिक सेन्टर दर्ता गरि पाउँ भनी यस कार्यालयमा मिति २०८२।०१।१० गते निवेदन दर्ता हुन आएकाले निजको निवेदनमा माग गरे बमोजिमको प्रनेष डायग्नोष्टिक सेन्टर नामक ल्याव दर्ता गर्न स्वीकृती दिने।

CamScanner

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

५. चालु आ.व. २०८२।०८३मा वडा नं. [illegible]को लालपुर र अट्ठाइस घर टोलको सिमानाको बाटो ग्राभेल गर्ने योजनामा विनियोजित रकम आगामी गाउँ सभाबाट अनुमोदन गर्ने गरि तपशिल वमोजिम हुने गरि रकमान्तर गर्ने

| साविक योजना | | संसोधित/ रकमान्तर हुने योजनाको विवरण | | | |
|---|---|---|---|---|---|
| योजना | विनियोजित रकम | योजना | विनियोजित रकम | थप रकम | जम्मा कायम हुने रकम |
| लालपुर र अट्ठाइस घरटोलको सिमानाको बाटो ग्राभेल गर्ने कार्य | ५००००० | शितलनगर टोल जाने बाटोमा कल्भर्ट निर्माण | ६००००० | ५००००० | ११००००० |
| मान खोलामा IEE तयार गर्ने कार्य | ५००००० | बैजनाथ गाउँपालिकाको यातायात गुरुयोजना अद्यावधिक गर्ने कार्य | | | ५००००० |
| पल्मबिङ्ग र मेसन सम्वन्धि सीप विकास तालिम | १०००००० | प्लम्बिङ्ग सम्वन्धि सीप विकास तालिम | | | ५००००० |
| | | मेसन सम्वन्धि सीप विकास तालिम | | | ५००००० |

६. चालु आ. व. २०८२।०८३ को गाउँपालिका स्तरीय दोस्रो चौमासिक सार्वजनिक सुनुवाई मिति २०८३ बैसाख ३१ गतेका दिन गर्ने।

७. लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण प्रतिवेदन-२०८२ अनुमोदन गरि प्राप्ताङ्क ८३.५ कायम गरि सो प्रतिवेदन सार्वजनिक गर्ने ।

८. भूमिहिन इकाईमा कर्मचारीहरुलाई फिल्ड तथा कार्यालयमा अतिरिक्त समय कार्य गरे वापत खाजा खर्च र यातायात खर्च वापत क्रमशः दैनिक रु २ सय र २ सयका दरले गरि जम्मा ४ सय अतिरिक्त समय भत्ता भूमिहीन,सुकुम्बासी, भूमिहीन दलित तथा अव्यबस्थित बसोबासी सेवा केन्द्र संचालन तथा व्यबस्थापन (कर्मचारी व्यवस्थापन समेत) भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखलाई निर्देशन दिने।

९. किसानसँग पालिका प्रमुख कार्यक्रम अन्तर्गत मिति २०८२/०६/०२ गते प्रकाशित सूचना वमोजिम कृषि यान्त्रिकरण र सिंचाई सामाग्रीको लागि पेश भएका प्रस्तावहरुको किसानहरुसँग पालिका प्रमुख कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम गठित मुल्याङ्कन समितिले विभिन्न मितिमा गरेका निर्णयहरु, मिति २०८२।१२।२७ र २०८३।०१।०९ गते प्रकाशित सम्झौता गर्न आउने सम्वन्धि सूचना, उक्त सूचना बमोजिम सम्पन्न भै सकेका सम्झौता हरु अनुमोदन गर्ने। साथै बाँकी रहेका सम्झौताहरु साविक बमोजिम सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने। तपशिल बमोजिम रहेको मुल्याङ्कन समितीले छनौट गरेको सूची अनुमोदन गर्ने।

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष